# लगानीकर्ता 'पर्ख र हेर' को अवस्थामा

**अभियान संवाददाता**

काठमाडौं

धितोपत्र दोस्रो बजारका लगानीकर्ता यतिबेला 'पर्ख र हेर'को अवस्थामा रहेका देखिन्छन्। केही दिनअघि मात्र ३ हजार विन्दु पार गरेको नेप्से सोमवार २ हजार ८७५ दशमलव ३६ विन्दुमा बन्द भएको छ।

अघिल्ला तीन कारोबार दिन निरन्तर घट्दा नेप्से परिसूचक करीब ५ प्रतिशत घटेको थियो। सोमवार भने १६ दशमलव ४६ अंकले बजार माथि उक्लिएको छ। यस दिन २ हजार ८९० विन्दुसम्म पुगेको बजार २ हजार ८३२ दशमलव ६० विन्दुसम्म झरेको थियो।

लगानीकर्ता अन्योल बन्दा सोमवार १० अर्ब ८२ करोड रुपैयाँभन्दा बढीको २ करोड ७१ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको छ। आइतवार १३ अर्ब ७ करोड रुपैयाँभन्दा बढीको ३ करोड २२ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको थियो।

सोमवार १४० कम्पनीको धितोपत्र मूल्य बढ्दा ११० कम्पनीको धितोपत्र मूल्य घटेको छ। थ्रीस्टार हाइड्रोपावरको शेयर मूल्य सर्वाधिक ६ दशमलव ८९ प्रतिशत बढेको छ। आईपीओपछि निरन्तर सर्किट लेभलमा बढ्दै आएको ट्रेड टावरको शेयर मूल्य वृद्धिमा भने सोमवार ब्रेक लागेको छ। १० प्रतिशत मूल्य घटेको ट्रेड टावरको शेयर मूल्य प्रतिकित्ता १ हजार ३३ रुपैयाँ २० पैसा कायम भएको छ।

सोमवार कुल कारोबारमा सर्वाधिक हिस्सा हिमालयन रिइन्स्योरेन्सले ओगटेको छ। हिमालयन रिइन्स्योरेन्सको ५५ करोड ९६ लाख रुपैयाँभन्दा बढीको ५ लाख ३३ हजारभन्दा बढी कित्ता शेयर कारोबार भएको छ। सर्वाधिक रकमको कारोबार भएको यस कम्पनीको शेयर मूल्य १ दशमलव १५ प्रतिशत घटेर अन्तिम मूल्य १ हजार ४६ रुपैयाँ १ पैसा कायम भएको छ।

सोमवार सात समूहको परिसूचक बढेको छ भने बाँकीको घटेको छ। व्यापार समूहको परिसूचक सर्वाधिक २ दशमलव ८९ प्रतिशत बढेको छ भने वित्त समूहको परिसूचक सर्वाधिक शून्य दशमलव ८२ प्रतिशत घटेको छ।

**बजार पूँजीकरण बढ्यो**

सोमवार बजार पूँजीकरण रू. २७ अर्ब ४७ करोडले बढ्दै रू. ४७ खर्ब ९९ अर्ब ४७ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४७ खर्ब ७२ अर्ब थियो।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा सोमवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ३६ दशमलव ११ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ९० करोड ८३ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा 'अन्य' समूह रहेको छ। उक्त समूहको रू. १ अर्ब २७ करोड बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

सोमवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. १ अर्ब ४१ करोड बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ६० करोड ७६ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ८० करोड ४३ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ। जसबाट सोमवारको बजारमा रू. ९४ करोड ८५ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ९७८.९५ | ६.८९ | ट्रेड टावर लिमिटेड | १,०३३.२० | -१०.०० |
| मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ४८२.७० | ५.४९ | नेपाल फाइनान्स लिमिटेड | ७६५.२९ | -३.४८ |
| सिक्लेस हाइड्रोपावर लिमिटेड | १,०२०.५९ | ५.०७ | रिभर फल्स पावर लिमिटेड | ६५१.६१ | -३.४३ |
| श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लि. | ४४९.८१ | ४.८४ | सिभिल बैंक डिबेन्चर २०८८ | १,१२८.३४ | -३.२५ |
| सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ६३४.७० | ४.३८ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | ९३६.१७ | -३.०२ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ५५.९६ |
| शिवम् सिमेन्ट्स लिमिटेड | ४३.६४ |
| हिमालयन डिष्टिलरी लिमिटेड | ३७.५८ |
| डादी ग्रुप पावर लिमिटेड | ३१.८६ |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ३१.६२ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | व्यापार | ४,३५३.८६ | २.८९ |
| २ | बैंकिङ्ग | १,५०१.२६ | १.६६ |
| ३ | लघुवित्त | ५,३४०.४० | ०.६२ |
| ४ | जीवन बीमा | १३,५६१.७२ | ०.५० |
| ५ | जलविद्युत् | ३,७५७.८६ | ०.२५ |
| ६ | लगानी | ११५.४१ | ०.११ |
| ७ | म्युचुअल फण्ड | २०.४४ | ०.०८ |
| ८ | विकास बैंक | ६,१८१.२६ | -०.०६ |
| ९ | उत्पादन तथा प्रशोधन | ७,७८५.२२ | -०.१२ |
| १० | होटल तथा पर्यटन | ६,९८४.५५ | -०.३४ |
| ११ | अन्य | २,६५८.३२ | -०.४५ |
| १२ | निर्जीवन बीमा | १२,९०५.८३ | -०.५१ |
| १३ | वित्त | २,६०५.८९ | -०.८२ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३९०.८३ | ३६.११ |
| २ | अन्य | १२७.०५ | ११.७४ |
| ३ | बैंकिङ्ग | १०९.७९ | १०.१४ |
| ४ | उत्पादन तथा प्रशोधन | १०१.०८ | ९.३४ |
| ५ | विकास बैंक | ९८.१८ | ९.०७ |
| ६ | लघुवित्त | ८०.२० | ७.४१ |
| ७ | लगानी | ४८.५० | ४.४८ |
| ८ | वित्त | ३५.७३ | ३.३० |
| ९ | जीवन बीमा | ३०.३३ | २.८० |
| १० | होटल तथा पर्यटन | २१.६८ | २.०० |
| ११ | निर्जीवन बीमा | १८.८३ | १.७४ |
| १२ | संस्थापक शेयर | ११.०७ | १.०२ |
| १३ | म्युचुअल फण्ड | ७.०९ | ०.६६ |
| १४ | व्यापार | १.३४ | ०.१२ |
| १५ | ऋणपत्र | ०.४६ | ०.०४ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ८०.४३ | ६०.७६ | १४१.१९ |
| ३४ | ४१.५९ | ५३.२६ | ९४.८५ |
| ४५ | ४२.१२ | ४९.४७ | ९१.६० |
| ४२ | ३७.०९ | ४१.९७ | ७९.०६ |
| ४९ | ४२.४० | ३५.८० | ७८.२१ |

# तेह्रथुम पावरको हकप्रद शेयर बाँडफाँट

काठमाडौं (अस)। तेह्रथुम पावर कम्पनी लिमिटेडले असार १६ गतेदेखि साउन ११ गतेसम्म निष्कासन गरेको शतप्रतिशत हकप्रद शेयर बाँडफाँट गरेको छ।

कम्पनीले तोकिएको अवधिभित्र रीतपूर्वक आवेदन दिएका आवेदकहरूमा ३५ लाख ८१ हजार २६२ कित्ता हकप्रद शेयर साउन १८ गते बाँडफाँट गरेको हो। उक्त बाँडफाँटमा नपरेको शेयर बापतको रकम साउन २१ गतेदेखि रकमान्तर गरिने जानकारी विक्री प्रबन्धक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडले दिएको छ।

कम्पनीले हाल कायम चुक्तापूँजी ४० करोड रुपैयाँको आधारमा सोही रकम बराबरको प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यका ४० लाख कित्ता हकप्रद शेयर निष्कासन गरेको हो। यस आधारमा यो चरणमा ४ लाख १८ हजार ७३८ कित्ता शेयर भने वितरण हुन नसकेको देखिन्छ। यी शेयर कम्पनीले लिलामीमा विक्री गर्नेछ।

# साउन २६ गतेदेखि आईपीओ निष्कासन गर्दै माबिलुङ्ग इनर्जी

काठमाडौं (अस)। माबिलुङ्ग इनर्जी लिमिटेडले साउन २६ गतेदेखि थप सर्वसाधारणमा आईपीओ निष्कासन गर्ने भएको छ।

कम्पनीले जारी पूँजी ३८ करोड ५८ लाख २४ हजार रुपैयाँको ४८ दशमलव ९९९८ प्रतिशत अर्थात् १८ करोड ९० लाख ५३ हजार रुपैयाँ बराबरको १८ लाख ९० हजार ५३० कित्ता आईपीओ निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको थियो।

जारी पूँजीको १० प्रतिशतले हुन आउने ३ लाख ८५ हजार ८२४ कित्ता आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूका लागि र सर्वसाधारण लगानीकर्ताहरूका लागि छुट्याइएको शेयरको १० प्रतिशतले हुन आउने १ लाख ५० हजार ४७१ कित्ता आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गरी बाँडफाँट गरिएको छ।

यीबाहेक बाँकी रहेको १३ लाख ५४ हजार २३५ कित्ता आईपीओमध्ये पनि ३० हजार ९५ कित्ता कर्मचारीहरूका लागि र ७५ हजार २३६ कित्ता सामूहिक लगानीकोषका लागि सुरक्षित गरिएको छ।

सर्वसाधारणमा १२ लाख ४८ हजार ९०४ कित्ता आईपीओ सार्वजनिक निष्कासनमा ल्याउन लागिएको हो। आईपीओ खरीदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम ५० हजार कित्तासम्म माग गर्न सकिनेछ। आईपीओ निष्कासन अवधि साउन २९ गतेसम्म तोकिएको छ। सो अवधिसम्म माग बमोजिम आवेदन नपरेमा भने भदौ ९ गतेसम्म निष्कासनमा रहनेछ।

कम्पनीको शेयर निष्कासन तथा विक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड रहेको छ। विक्री प्रबन्धकसँगै सम्पूर्ण आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका कार्यालयमार्फत आवेदन दिन सकिनेछ। साथै मेरोशेयर अनलाइनमार्फत पनि आवेदन दिन सकिने व्यवस्था छ।

कम्पनीले संखुवासभा जिल्लामा ४ दशमलव ९५ मेगावाट क्षमताको माथिल्लो पिलुवाखोला ३ जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। यस आयोजनाको कुल अनुमानित लागत १ अर्ब १३ करोड ६० लाख रुपैयाँ रहेको छ। हाल यस आयोजनको ९७ प्रतिशत काम सम्पन्न भइसकेको कम्पनीले जानकारी दिएको छ।

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २० गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय सिद्धिचरणबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्र्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१. ऋणीको विवरण**

पृथी बहादुर तामाङको नाति बल बहादुर तामाङको छोरा ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. १२ हाल, बस्ने **फुर्वा तामाङ** (ना.प्र.नं. : १३१०१४-४४४ जारी मिति र जिल्ला : २०६९/०३/२१, ओखलढुंगा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

**१)** पृथी बहादुर तामाङको नाति बल बहादुर तामाङको छोरा ओखलढुंगा जिल्ला ओखलढुंगा गा.बि.स वडा नं. ६ हाल, सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **विजय तामाङ** (ना.प्र.नं. : १३१०१४/४०० जारी मिति र जिल्ला : २०६८/१०/०६, ओखलढुंगा)

**२)** अन्नतराज गिरीको नातिनी वेद कुमार गिरीको छोरी ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. ५ हाल, वडा नं. ११ बस्ने **कविता गिरी** (ना.प्र.नं. : १३-०१-७६-०३८८१ जारी मिति र जिल्ला : २०७६/०७/२४, ओखलढुंगा)

**२. ऋणीको विवरण**

बल बहादुर तामाङको बुहारी विजय तामाङको पत्नी गंग बहादुर तामाङको छोरी ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. ५ हाल, सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **प्रज्ञा तामाङ** (ना.प्र.नं. : १३-०१-७२-००७७३ जारी मिति र जिल्ला : २०७२/०३/२३, ओखलढुंगा )

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

**१)** पृथी बहादुर तामाङको नाति बल बहादुर तामाङको छोरा ओखलढुंगा जिल्ला ओखलढुंगा गाबिस वडा नं. ६ हाल, सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **विजय तामाङ** (ना.प्र.नं. : १३१०१४/४०० जारी मिति र जिल्ला : २०६८/१०/०६, ओखलढुंगा )

**२)** पृथी बहादुर तामाङको नाति बल बहादुर तामाङको छोरा ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. १२ बस्ने **फुर्वा तामाङ** (ना.प्र.नं. : १३१०१४-४४४ जारी मिति र जिल्ला : २०६९/०३/२१, ओखलढुंगा )

**३. ऋणीको विवरण**

लक्ष्मी नारायण कामीको छोरी हर्क बहादुर तामाङ विश्वकर्माको बुहारी एका बहादुर विश्वकर्माको पत्नी ओखलढुंगा जिल्ला ओखलढुङ्गा वडा नं. २ हाल, सिद्धिचरण न.पा. वडा नं. ११ बस्ने **लक्ष्मी विश्वकर्मा** (ना.प्र.नं. : १३१०१४/६२ जारी मिति र जिल्ला : २०६४/०५/०३, ओखलढुंगा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

**१)** राम बहादुर बिश्वकर्माको नाति हर्क बहादुर तामाङ बिश्वकर्माको छोरा ओखलढुंगा जिल्ला ओखलढुंगा वडा नं. २ हाल, सिद्धिचरण न.पा. वडा नं. ११ बस्ने **एका बहादुर बिश्वकर्मा** (ना.प्र.नं. : ६८६ जारी मिति र जिल्ला : २०५३/०६/०२, ओखलढुंगा)

**२)** गिरीराज दर्जीको छोरी जुनकेरी दमाईको बुहारी किसान परियारको पत्नी ओखलढुंगा जिल्ला ओखलढुंगा वडा नं. ३ हाल, सिद्धिचरण न.पा. वडा नं. ११ बस्ने **निशा नेपाली (परियार)** (ना.प्र.नं. : १३१०१४/२३७ जारी मिति र जिल्ला : २०६६/१२/१६, ओखलढुंगा)

**४. ऋणीको विवरण**

असर लाल चौधरीको बुहारी सुरेश चौधरीको पत्नी झापा जिल्ला तोपगाछी वडा नं. ८ हाल, ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. ११ बस्ने **उमा बस्नेत** (ना.प्र.नं. : २०८१२ जारी मिति र जिल्ला : २०६१/०४/२८, झापा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

**१)** जित बहादुर थापाको बुहारी हरी बहादुर थापाको पत्नी झापा जिल्ला तोपगाछी गा.बि.स वडा नं. ८ हाल,ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. ११ बस्ने **लक्ष्मी देवी बस्नेत** (ना.प्र.नं. : २४७६ जारी मिति र जिल्ला : २०५२/१२/०१, झापा)

**२)** जित बहादुर लिम्बुको बुहारी दुर्गा बहादुर लिम्बुको पत्नी झापा जिल्ला सतासीधाम गा.बि.स वडा नं. ९ हाल, ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा. वडा नं. ११ बस्ने **तोक माया तामाङ्ग लिम्बु** (ना.प्र.नं. : ०४-०१-७०-२०३०६ जारी मिति र जिल्ला : २०७०/०७/०५, झापा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel: 01-5970887, Toll Free No.: 16600149999 (NTC),18102149999 (Ncell)
Web: www.muktinathbank.com.np, E-mail: info@muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# बरुण हाइड्रोपावरको हकप्रद शेयर खरीद गर्ने अवधि थप

काठमाडौं (अस)। बरुण हाइड्रोपावर कम्पनी लिमिटेडले असार ३१ गतेदेखि निष्कासन गरेको शतप्रतिशत हकप्रद शेयर खरीद गर्ने अवधि थप भएको छ।

कम्पनीले यसअघि साउन १९ गतेसम्मको निष्कासन अवधि तय गरेकोमा उक्त अवधि थप गरी भदौ ३ गतेसम्म कायम गरिएको हो। लगानीकर्ताको मागलाई ध्यानमा राखी कम्पनीले अवधि थप गरेको जानकारी दिएको छ।

हकप्रद शेयर निष्कासन प्रयोजनका लागि कम्पनीले जेठ २२ गते एक दिन बुक क्लोज गरेको छ। बुक क्लोजका आधारमा जेठ २१ गतेसम्म कायम शेयरधनीहरूले मात्र कम्पनीको हकप्रद शेयर खरीदका लागि आवेदन दिन सक्नेछन्।

कम्पनीले हाल कायम चुक्तापूँजी ५३ करोड ५८ लाख १५ हजार रुपैयाँको आधारमा सोही बराबरको ५३ लाख ५८ हजार १५० कित्ता हकप्रद शेयर निष्कासन गरेको हो।

हाल कम्पनीको एक कित्ता शेयर भएका शेयरधनीहरूले एक कित्ता शेयर खरीदका लागि आवेदन दिन सक्नेछन्। शतप्रतिशत हकप्रद शेयर निष्कासन तथा बाँडफाँटपश्चात् कम्पनीको चुक्तापूँजी १ अर्ब ७ करोड १६ लाख ३० हजार रुपैयाँ कायम हुनेछ।

कम्पनीको हकप्रद शेयर निष्कासन तथा विक्री प्रबन्धकमा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड रहेको छ।

**प्रभु होल्डिङ्गस एण्ड हाईड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड**
**( साविक : प्रभु होल्डिङ्गस लिमिटेड )**
को

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति श्रावण २०, २०८२, मंगलबार।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण १९, २०८२ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरि पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावज्यूहरुलाई अनुरोध गर्दछौं।

**तपसिल**

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति :** भाद्र २७, २०८२।

**समय :** अपराह्न ५:०० बजे।

**स्थान :** कम्पनीको कार्यालय, का.म.न.पा. ३२, काठमाडौं।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२) आ.व.२०८१/८२ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
३) आ.व.२०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४) कम्पनीको सञ्चालक समितिलाई ऐनको दफा ९१ बमोजिम तलब, भत्ता एवं अन्य सुविधा प्रदान गर्ने सम्बन्धमा।
५) विविध।

**नोट :**

१) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**सञ्चालक समिति**
**प्रभु होल्डिङ्गस एण्ड हाईड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड**
**( साविक : प्रभु होल्डिङ्गस लिमिटेड )**
का.जि.का.म.न.पा.वडा नं.-३२, काठमाडौं। फो.नं. ०१५९१२८७३,०१५९१२८७४
www.holdingsprabhu.com

## धितो सुरक्षण लिलाम विक्री गर्ने बारेको १५ दिने अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मितिः २०८२।०४।२०)

यस संस्थाको शाखा कार्यालय, कमलादी काठमाण्डौवाट ऋणकर्जा कारोवार गर्ने तपशिलमा उल्लेखित बमोजिमको ऋणीले उपभोग गरेको ऋणकर्जाको शर्त बमोजिम समयावधि भित्र कर्जाको बुझाउनु पर्ने साँवा व्याज नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गरेको र पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा व्याज तथा अन्य दै-दस्तुर समेतको रकम चुक्ता गर्न गराउनु हुन सम्बन्धीत ऋणी जेथाजमानीकर्ता तथा व्यक्तिगत जमानी बस्ने महानुभावहरुलाई यसै सूचनाद्धारा सूचित गरिन्छ। उक्त अवधि भित्र कर्जा चुक्ता फर्छ्यौट नभएमा बैक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा कर्जा लिँदाका बखत धितो सुरक्षण वापत लेखाई दिएको तपशिल बमोजिमको सम्पति जायजेथा जहां जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणमा गोप्य शिलबन्दी वोलपत्रद्धारा लिलाम विक्री गरि संस्थाको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले उपरोक्त जायजेथाहरु खरिद गरि लिन ईच्छुक महानुभावहरुलाई तपशिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नु हुन यसै सूचनावाट जानकारी गराईन्छ। साथै धितो सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणीको अन्य जायजेथाहरुबाट बाँकि लेना रकम असुल उपर गरिनुका साथै ऋणीको नाम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा समावेश गर्न शिफारिस गरि पठाईने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ

**तपशिलः**

**कर्जा प्रवाह गरेको शाखा कार्यालय : कमलादी, काठमाडौं**
**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ता तथा धितो सुरक्षणहरुको विवरण**

**१. ऋणिको विवरणः**

**जनता सः मिल एण्ड ढोका उद्योग,** प्रो.नारायण प्रसाद वास्तोला, हिमलाल भण्डारी) : दर्ता नं. ९५०/०८०/०८१, मिति २०८१/०२/०२ मा उद्योग तथा वाणिज्यको कार्यालयमा दर्ता रहेको तथा आन्तरिक राजश्व विभागमा मिति २०८१/०२/०७ मा **स्थायी लेखा नं. ६२१४३६२६०** कायम भएको, ठेगानाः भक्तपुर जिल्ला चाँगुनारायण न.पा., वडा नं.०९।
(**कर्जा शिर्षक : व्यवसायिक आवधिक र अधिविकर्ष कर्जा**)

**धितो सुरक्षणको विवरण :**

(क) **हिमलाल भण्डारी** ना.प्र.नं.३५२७५७, जारी मिति २०३८/०६/०८, जि.प्र.का. चितवन) को नाममा दर्ता रहेको चितवन जिल्ला, नाराणगढ न.पा.वडा नं. ९ 'क' स्थित कित्ता नं. ४१६, क्षेत्रफल ०-०-१०, (बि-क-धु) तथा वडा नं. ९ 'क' कित्ता नं. ७४३, ७४५, ७७६, ५६५ र ५६३ को क्षेत्रफल क्रमश ०-२-१७.५, ०-०-१.७५, ०-१-०, ०-०-१४.७५, ०-०-५.२५ (बि-क-धु) रहेको जग्गा।
(ख) **सीता कुमारी भण्डारी** (ना.प्र.नं. ५२३, जारी मिति २०४५/०१/१६, जि.प्र.का. चितवन) को नाममा दर्ता रहेको चितवन जिल्ला, नाराणगढ न.पा., वडा नं. ९ 'क' स्थित कित्ता नं. ७७७ को क्षेत्रफल ०-३-१८.५ (बि-क-धु) रहेको जग्गा।

**व्यक्तिगत जमानतकर्ताहरु :**

(क) **अमृत बाँस्तोला** (ना.प्र.नं.४६-०१-७०-०८८४५, जारी मिति २०७०/१०/१९, जि.प्र.का. कास्की), ठेगानाः कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं.०३ , बाबुको नाम :नारायण प्रसाद बाँस्तोला, बाजेको नाम :पदमलाल बाँस्तोला।
(ख) **बिदुर बाँस्तोला** (ना.प्र.नं.४६१०१९/८५७, जारी मिति २०६९/०२/१७, जि.प्र.का. कास्की), ठेगानाः कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं.०३, बाबुको नाम :नारायण प्रसाद बाँस्तोला, बाजेको नाम :पदमलाल बाँस्तोला।
(ग) **दीपा वास्तोला** (ना.प्र.नं. ३३५७५, जारी मिति २०५२/०४/०८, जि.प्र.का. कास्की), ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं.११, बाबुको नाम :नारद प्रसाद आचार्य, बाजेको नाम :रत्नखार आचार्य।
(घ) **नारायण प्रसाद बाँस्तोला** (ना.प्र.नं. ३१११७, जारी मिति २०५१/१२/१५, जि.प्र.का. कास्की), ठेगानाः कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं.०३, बाबुको नाम :पदमलाल बाँस्तोला, बाजेको नाम :रन्ताखर बाँस्तोला
(ङ) **हिमलाल भण्डारी** (ना.प्र.नं. ३५२७५७, जारी मिति २०३८/०६/०८, जि.प्र.का. चितवन), ठेगानाः चितवन जिल्ला, शिशवार गा.वि.स., वडा नं. ०७, बाबुको नाम :रुपानन्द भण्डारी, बाजेको नाम :जयभद्र भण्डारी।
(च) **सीता कुमारी भण्डारी** (ना.प्र.नं. ५२३, जारी मिति २०४५/०१/१६, जि.प्र.का. चितवन), ठेगानाः चितवन जिल्ला, दिपनगर गा.वि.स., वडा नं.०७, बाबुको नाम :हरि प्रसाद मरहठ्ठा, बाजेको नाम :मोदनाथ मरहठ्ठा।

**वोलपत्र सम्बन्धी शर्तहरुः**

१. बोलपत्र फाराम यस संस्थाको कमलादी स्थित कमलादी शाखा कार्यालयबाट रु.१,०००/ तिरी प्राप्त गर्न सकिने छ।
२. यो बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८२/०५/४ गते बुधवार दिनको २:०० बजे यस संस्थाको कमलादी शाखा कार्यालय कमलाद्ी, काठमाडौंमा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।
३. आफूले सकार गर्न चाहेको जायजेथाको बिवरण तथा आफूले कबोल गरेको रकम, अंक र अक्षरमा प्रष्टसंग उल्लेख गरी निवेदनको रुपमा दाखिला गर्नु पर्नेछ।
४. आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम संस्थामा जम्मा गरेको भौचर निवेदनसाथ पेश गर्न पर्नेछ।
५. बोलपत्रदाताले संस्थाबाट लिलाम हुने चल अचल सम्पत्ति (धितो सुरक्षणहरु) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिन बोलपत्र दाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
७. बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र आफूले कबुल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको चल/अचल सम्पत्ति आफ्नो जिम्मामा लिनु पर्नेछ।
८. अधिकतम अंक कवोल गरी बोलपत्र पेश गर्ने व्यक्तिलाई धितो सुरक्षण विक्री गरिने छ, तर सो अंकमा बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ।
९. धितो सुरक्षण सकार गरी नामसारी गर्दा लाग्ने मालपोत/तिरो, सम्पत्ति कर, राजश्व तथा लाभकर लगायत अन्य सम्पूर्ण पास खर्च तथा दैन्दस्तुरहरु लिलाम सकार गरि लिनेले नै व्यहोर्नु पर्नेछ।
१०. बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी चाहिएमा संस्थाको कमलादी शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"
केन्द्रिय कार्यालय : कमलादी, काठमाण्डौं, नेपाल, फोनः : ०१-४५४५८८५ ,४५४५८८६
ईमेल: info@nepalfinance.com.np, वेभसाइट : www.nepalfinance.com.np